**PRESS RELEASE**

**Nepal Yarn Manufacturers' Association and UKaid सीप's Partnership Contributes to Inclusive Job Creation and Industry Transformation**

*Unveiling of industry-led curricula and model for structured apprenticeship-based job creation*

**[15 April, 2021, Kathmandu]** The British Ambassador to Nepal Nicola Pollitt, Chairperson of Nepal Yarn Manufacturers' Association (NYMA) Pawan Golyan, came together with the UKaid Skills for Employment Programme (सीप), today, to commemorate the impacts of the सीप-NYMA partnership and reflect on the way forward–for sustained job creation and industry transformation of the yarn industry. NYMA and सीप's multi-factory partnership, since November 2019, has enabled quality job-linked skilling and employment for nearly 4,000 workers and improved factory capability at the Triveni Spinning Mill, Jagadamba Spinning Mill, Reliance Spinning Mill, Tricot Industry, and Jaya Spinning Mill.

"We are proud of our joint efforts which have strategically addressed skill gaps to meet industry workforce and productivity demands," noted the British Ambassador to Nepal Pollitt. The event, joined by leading industrialists from the yarn industry such as Ram Chandra Shanghai, Bishnu Neupane, Abheek Jyoti, Shakti Golyan, and Akshya Golyan also saw the launch of an industry-adopted curricula covering five job roles. The improved and standardized curricula – co-created, tested, and refined with inputs from the factories – alongside improved trainer capability, infrastructure, and streamlined processes at the factories, can enable and ensure sustained productivity and job creation by the industry.

"Skilling initiatives coupled with firm growth-enabling interventions form an integral part of our combined efforts to transform the yarn industry through modernization and expansion, diversification of its exports to new geographies [through improved quality and price competitiveness], and improve organizational capabilities," expressed Pawan Golyan, Chairperson of NYMA, explained.

"The NYMA-सीप partnership is an embodiment of an industry's effort to develop an apprenticeship-based skills and placement initiative to develop a job-ready workforce in emerging industry occupations. Other industries contemplating skilling initiatives can learn from the experiences of this initiative," shared UKaid सीप Team Leader, Baljit Vohra.

The partnership has achieved several other milestones as well, such as increased recruitment of women for the first time in partner industries like Jagadamba; about 35 percent of the workers trained and recruited are women.

**Note to the Editor:**

## About UKaid सीप

Funded by the UK Government, UKaid सीप uses an innovative Challenge Fund and Technical Assistance mechanism to expand job-aligned skilling, affordable financial products, and ethical migration services linked to gainful livelihoods for Nepali youth—especially migrant returnees, women, and other socio-economically excluded groups. To date, UKaid सीप has catalyzed and co-invested in 13 industry-led partnerships which have the potential to enable employment/self-employment for an estimated 40,000

youth by 2021 and generate over GBP 12 million in leverage commitment from the private sector. UKaid सीप is now gearing up to scale-up several employer-led skilling, apprenticeship and employment creation models including with NYMA.

## About NYMA

NYMA is registered as an umbrella organization of yarn manufacturing industries in Nepal. Established in 1997, NYMA is currently chaired by Mr. Pawan Golyan from Golyan Group. NYMA mainly aims to promote the interest of industries to continue expanding their production and export capabilities. At present, NYMA consists of four Yarn manufacturing businesses in Nepal: Reliance Spinning Mills, Triveni Spinning Mills, Jagdamba Spinning Mills and Jay Spinning Mills—all registered as public limited. As per data from 2020, the manufacturers within NYMA generated more than NPR 21.7 billion in sales, making yarn Nepal's largest export commodity.

For more on the UKaid सीप - NYMA partnership: http://seepnepal.com/Partnerships.html

For media enquiries, contact Kriit Giri, Project Coordinator, NYMA, <trainingnyma@gmail.com> | Phone: 9857834027 |

**प्रेस विज्ञप्ती**

## नेपाल धागो उत्पादक संघ र यूकेएड सीपको साझेदारी मार्फत भएको समावेशी रोजगारी सिर्जना तथा उद्योगको रुपान्तरणमा

*उद्योगको नेतृत्वमा तयार गरिएको पाठ्यक्रम तथा प्रशिक्षार्थीमा आधारित रोजगारी सिर्जनाको नमूनाको अनावरण*

२०७८ वैशाख २, काठमाडौँ । नेपालका लागि बेलायती राजदूत निकोला पोलिट् तथा नेपाल धागो उत्पादक संघ (NYMA) का अध्यक्ष पवन गोल्यान, यूके एडको सहयोगमा सञ्चालित रोजगारीका लागि सीप कार्यक्रम (सीप) ले आयोजना गरेको एक कार्यक्रममा उपस्थित भई सीप र NYMA को साझेदारीले हासिल गरेको प्रभावको बारेमा जानकारी लिनुभयो । साथै धागो उद्योगको रूपान्तरण तथा दिगो रोजगारी सिर्जनाको लागि लिनुपर्ने बाटोको बारेमा पनि विचार विमर्श गर्नुभयो । नोभेम्बर २०१९ देखि सुरु भएको NYMA र सीपको बहु कारखाना साझेदारीले ४,००० व्यक्तिहरुलाई रोजगारसँग सम्बन्धित गुणस्तरीय सीप विकास तथा रोजगारीको अवसर प्रदान गरेको छ । साथै उक्त साझेदारीले त्रिवेणी स्पिनिङ मिल, जगदम्बा स्पिनिङ मिल, रिलाएन्स स्पिनिङ मिल, ट्राईकोट इन्डष्ट्री तथा जय स्पिनिङ मिलका कारखानाको क्षमतामा सुधार ल्याएको छ ।

नेपालका लागि बेलायती राजदूत पोलिट्ले बताउनुभयो, "उद्योगहरूमा रहेको श्रमशक्ति तथा उत्पादकत्वमा रहेका खाडलहरुलाई रणनीतिक रूपमा पूर्ति गर्न हाम्रा संयुक्त पहलहरू सफल भएकोमा हामी गौरवान्वित छौँ ।" यस कार्यक्रममा रामचन्द्र संघाई, विष्णु न्यौपाने, अभीक ज्योति, अक्षय गोल्यान तथा शक्ति गोल्यान जस्ता धागो उद्योगका प्रमुख उद्योगीहरु पनि सहभागी हुनुहुन्थ्यो । यही कार्यक्रममा नै धागो उद्योगको नेतृत्वमा पाँचओटा पदहरुको लागि तयार भएको पाठ्यकम्रको यस कार्यक्रममा सुरुवात गरियो । सुधार गरिएको र मानक बमोजिम बनाइएको पाठ्यक्रम कारखानाहरूको सुझाव र प्रतिक्रियामा सह विकास तथा परिष्कृत गरिएको थियो । यस पाठ्यक्रमका अलावा प्रशिक्षकको क्षमता र पूर्वाधारमा भएको सुधार तथा कारखानामा हुने प्रक्रियालाई छरितो बनाउँदा उद्योगमा उत्पादकत्व तथा रोजगारी सिर्जना गर्नको लागि वातावरण बनाउने तथा त्यसलाई दिगो राख्ने काम सुनिश्चित गर्न सक्छ ।

NYMA का अध्यक्ष पवन गोल्यानले भन्नुभयो, "सीप विकासका पहलहरूलाई कारखानाको वृद्धि हासिल गर्न सक्ने गतिविधिहरुसँगको सम्मिश्रण धागो उद्योगलाई रूपान्तरण गर्ने हाम्रो संयुक्त प्रयासको एक अभिन्न अंग हो । उक्त रूपान्तरण हासिल गर्नको लागि आधुनिकीकरण तथा विस्तार, सुधारिएको गुणस्तर तथा प्रतिस्पर्धी मूल्य मार्फत नयाँ भौगोलिक क्षेत्रहरुमा निर्यातलाई विविधीकरण, संस्थागत क्षमतामा सुधार गरी गरिनेछ ।"

यूकेएडको सीप कार्यक्रमका टीम लिडर बलजित भोराले भन्नुभयो, "उद्योगका उदीयमान कामहरूमा उक्त कामको लागि तयार भएको श्रमशक्तिको विकास गर्नको लागि प्रशिक्षार्थीमा आधारित सीप तथा रोजगार उपलब्ध गराउने उद्योगको पहलको प्रतिबिम्ब NYMA र सीपबिचको साझेदारी हो । सीप विकास गर्ने पहल गर्ने अन्य उद्योगहरूले पनि यस साझेदारीबाट सकिन् सक्छन् ।" यस साझेदारी मार्फत जगदम्बा जस्ता साझेदार कारखानामा महिला कामदारहरूको नियुक्तिमा उल्लेख्य वृद्धि गरेको छ जहाँ तालिम प्रदान गरिएका तथा नियुक्त गरिएका व्यक्तिहरूमा ३५ प्रतिशत महिला रहेका छन् ।

**सम्पादकहरुलाई जानकारीः**

## UKaid सीपको बारेमा

बेलायती सरकारको आर्थिक सहयोगमा सञ्चालन भैरहेको यूके एडको सीप कार्यक्रमले नवीन च्यालेन्ज फन्ड तथा प्राविधिक सहायता व्यवस्थाको प्रयोग गरी रोजगारीसँग सम्बन्धित सीप विकास, सुपथ मूल्यमा वित्तीय सेवाहरु तथा नेपाली युवाहरूको लागि स्थायी प्रकृतिको जीवनस्तर हासिल गराउनको लागि नैतिकवान् आप्रवासन सेवाहरूको विस्तार गर्छ । ती व्यवस्थाले विशेष गरी महिला, आप्रवासनबाट फर्किएका तथा अन्य आर्थिक सामाजिक रूपमा बाहिर पारिएका समूहहरूलाई लक्षित गरेको छ । हालसम्म १३ ओटा उद्योगले नेतृत्व गरेका साझेदारीमा यूके एडको सीपले उत्प्रेरित गर्ने तथा सह लगानी गरेको छ जसबाट सन् २०२१ सम्म ४० हजार युवाहरूलाई रोजगारी/स्वरोजगारी प्रदान गर्न सक्ने वातावरण बनाउने सम्भावना रहेको छ र निजी क्षेत्रबाट बेलायती पाउन्ड एक करोड बीस लाखको लगानी प्रतिबद्धता हासिल गरेको छ । NYMA लगायत अन्य उद्योगसँग यूके एडको सीपले अब रोजगारदाताको नेतृत्वमा सीप विकास, प्रशिक्षार्थीको तालिम तथा रोजगारी सिर्जना गर्ने नमूनाहरुको विस्तार गर्ने लागिरहेको छ ।

## NYMA को बारेमा

NYMA नेपालका धागो उत्पादक उद्योगका कम्पनीहरूको साझा दर्तावाल संस्था हो । सन् १९९७ मा स्थापित NYMA मा हाल गोल्यान समूहका पवन गोल्यान अध्यक्ष हुनुहुन्छ । NYMAले मूलतः उद्योगका कम्पनीहरुको हितलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ जसबाट उनीहरूको उत्पादन तथा निर्यातका क्षमतालाई विस्तार गर्न सकियोस् । हाल NYMAमा त्रिवेणी स्पिनिङ मिल, जगदम्बा स्पिनिङ मिल, रिलाएन्स स्पिनिङ मिल तथा जय स्पिनिङ मिल जस्ता पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएका चारओटा धागो उत्पादक व्यवसायहरु आवद्ध रहेका छन् । सन् २०२० को तथ्याङ्क अनुसार NYMAमा आवद्ध भएका उत्पादकहरुले २१.७ अरबभन्दा बढी बिक्री गर्न सफल भएका छन् जसले धागोलाई नेपालको सबभन्दा ठूलो निर्यात वस्तु बनाएको छ ।

यूके एड र सीपको साझेदारीको बारेमाा विस्तृतमा जानकारीको लागि यहाँ जानुहोस्: http://seepnepal.com/Partnerships.html

प्रेश सम्पर्क – NYMA परियोजना संयोजक कृत गिरीलाई | इमेल <trainingnyma@gmail.com> | फोन: 9857834027 |